नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७७/७८

## प्रेस विज्ञप्ति

आज मिति २०७७/०५/०७ गतेका दिन प्रमुख जिल्ला अधिकारी **श्री उमेश कुमार ढकालज्यूको** अध्यक्षतामा बसेकोको **District Covid-19 Crisis Management Center (DCCMC)** को बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ ।

निर्णयहरु:-

१. छिमेकी जिल्लाहरुमा कोभिड-१९ को संक्रमण बढ्दै गइरहेको र यस जिल्लामा पनि संक्रमण फैलन सम्भावनालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि तत्काल थप सतर्कता अपनाउनुका साथै नेपाल सरकारले जारी गरेको स्वास्थ्य मापदण्डलाई कडाईका साथ पालना गर्ने गराउने सन्दर्भमा मिति २०७७/०५/०१ गते बिहान ५:०० बजे देखि मिति २०७७/०५/०७ गते राती १२ बजेसम्मका लागि सिन्धुपाल्चोक जिल्ला भित्र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम गतिविधिहरु गर्न निषेध गर्ने गरी आदेश जारी गरिएकोमा उक्त अवधिलाई बढाई पुनः २०७७/०५/१४ गते राती १२ बजेसम्मको लागि थप गरी सो निर्णयलाई सबै सुरक्षा निकायहरुले प्रभावकारी कार्यान्वयन गर्न गराउन निर्देशन दिने निर्णय गरियो।

२. मित्रराष्ट्र चीनको न्यालम काउन्टीबाट प्राप्त स्वास्थ्य सामग्रीहरु मध्ये २००० थान भि.टि.एम (VTM) तुरुन्त ल्याई स्वास्थ्य कार्यालयको स्टोरमा दाखिला गरी आवश्यकता अनुसार खर्च गर्ने ।

मिति:- २०७७/०५/०७

बाबुराम खनाल

स.प्र.जि.अ

गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७७/७८

## प्रेस विज्ञप्ति

आज मिति २०७७/०५/०७ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा वसेकोको जिल्ला विपद् व्यवस्थापन समिति, कमाण्ड पोष्टको बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ ।

छलफल तथा निर्णयहरु

१. जुगल गाउँपालिका वडा नं. २ लिदीमा गएको पहिरोको कारण विस्थापित तथा जोखिममा परेका घरपरिवारहरुलाई जुगल गाउँपालिका वडा नं. १ वासखर्क सेलाङमा स्थानान्तरण गरी अस्थायी वसोवासको व्यवस्था मिलाउन नेपाली सेना गोरखवक्स गणमा रहेको जिल्ला विपद् व्यवस्थापन समितिको स्टोरवाट ९८ थान चाइनिज टेण्ट, २ थान ठुलो हरियो टेण्ट, १०० थान म्याट्रेस, १०० थान त्रिपाल र ५० मुठा डोरी जुगल गाउँपालिकालाई उपलब्ध गराउने।

२. जुगल गाउँपालिका वडा नं. १, सेलाङ्गमा जुगल-२ लिदीवाट पहिरोको कारण विस्थापित तथा जोखिममा परेका घरपरिवारहरु स्थानान्तरण गर्ने स्थलमा खटिने नेपाल प्रहरीको अस्थायी वसोवासको लागि नेपाल रेडक्रस सोसाईटीवाट १ सेट भाँडासेट र ५ वटा कम्वल तथा नेपाली सेना गोरखवक्स गणमा रहेको जिल्ला विपद् व्यवस्थापन समितिको स्टोरवाट ५ थान म्याट्रेस जिल्ला प्रहरी कार्यालयलाई उपलब्ध गराउने ।

मितिः- २०७७/०५/०७

बाबुराम खनाल
स.प्र.जि.अ